नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गुणस्तर मापन तथा नियमन महाशाखा

☎ : ०१-४२५४७५९
website : www.mohp.gov.np

आ.व. ०७९।८०
च.नं. ६३६

मिति: २०८०।०१।१३

विषय:- परिपत्र ।

श्री सबै सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजहरु,

प्रस्तुत विषयमा स्वास्थ्य संस्था संचालन सम्वन्धी मापदण्ड, २०७७ दफा ७० (घ) मा अस्पतालमा उपचारको लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा गराउनु पर्नेछ तथा सोही मापदण्डको दफा ७२ (ट) मा बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी वडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ भनी उल्लेख भएता पनि यस मन्त्रालय र मातहतका निकायहरुबाट विभिन्न स्वास्थ्य संस्थाहरुमा नियमित तथा आकस्मिक अनुगमनको क्रममा मापदण्ड बमोजिम नभएको देखिएको तथा अस्पतालमा पार्किङको शुल्क उठाउने गरेको, कार्यरत जनशक्तिलाई न्यूनतम पारिश्रमिक समेत उपलब्ध नगराएको भन्ने गुनासोहरु समेत प्राप्त भएकोले स्वास्थ्य संस्था संचालन सम्वन्धी मापदण्ड, २०७७ तथा अन्य प्रचलित कानूनमा भएका सम्पूर्ण व्यवस्थाहरु सम्वन्धित स्वास्थ्य संस्थाहरुले पूर्णरुपमा पालना गर्नु गराउनु हुन सबैमा अनुरोध छ । अन्यथा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैमा जानकारीको लागि अनुरोध छ ।

०८०।१।१२

एकदेव खनाल
उप सचिव